नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मितिः .....................................

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

## सार्वजनिक विदाको दिन सरकारी सवारी साधन सञ्चालन सम्बन्धि अत्यन्त जरुरी सूचना

मितिः २०७८।०२।०६

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९ बैशाख १३ को निर्णय तथा गृह मन्त्रालयबाट यस सम्बन्धी प्राप्त निर्देशन कार्यान्वयन गर्न देहाय बमोजिम गर्ने गरी यस जिल्लाका कार्यालय प्रमुखहरुको मिति २०७९ जेष्ठ ०५ मा निर्णय भएको हुदाँ सबैको जानकारी लागि अनुरोध छ ।

देहायः

क. जिल्लास्तरका सबै कार्यालयहरु (सरकारी/स्थानीय तह/विकास आयोजना/सार्वजनिक संस्थान आदि)ले सार्वजनिक विदाको दिन सरकारी सवारी साधनहरु सञ्चालन नगर्ने नगराउने निर्देशनलाई कडाईका साथ पालना गराउने। तर, अत्यावश्यक सेवा सञ्चालन गर्ने निकायहरु तथा अत्यावश्यक अवस्थामा सवारी साधन प्रयोग गर्नु परेमा सवारी साधन प्रयोग गर्नुको उद्देश्य, प्रयोग हुने समय, सवारी प्रयोग गर्ने पदाधिकारी र सवारी साधन सञ्चालन हुने मार्ग उल्लेख गरी सम्बन्धित कार्यालय प्रमुखले सवारी पासको अनुमति माग गर्ने ।

ख. जिल्ला प्रहरी परिसर ललितपुरले विदाका दिनमा सवारी पास नलिएका उल्लेखित निकायका सवारी साधनहरुलाई चल्न नदिने र चलाइएको पाइएमा कानून बमोजिम कारवाही गर्ने ।

२०७९।०२।०६

जनक कोइराला
प्रशासकीय अधकृत
प्रशासकीय अधिकृत